# शान्ति प्रकृया र नयाँ संविधानका लागि नागरिक समाजको ५ बुदें रोडम्याप

आज मिति २०६७ जेठ ८ गत्ते राजधानीमा **"शान्ति प्रकृया र संविधान निर्माणमा जेठ १४ पछिको अवस्था"** विषयमा मानवअधिकारवादी तथा नागरिक समाजका प्रतिनिधिहरुका बीच बृहत छलफल कार्यक्रमको आयोजना गरी ५ बूंदे रोडम्याप जारी गरियो । मानवअधिकार एलाइन्सको आयोजनामा सम्पन्न उक्त कार्यक्रममा संवैधानिक कानूनका विश्लेषक टीकाराम भट्टराईले आफ्नो अवधारणा प्रस्तुत गर्दै आगामी जेष्ठ १४ पछिको अवस्था सामान्य रहने, संविधान सभाको म्याद थप गर्नु सबैभन्दा उपयुक्त विकल्प भएको दावी गर्दै यदि सहमतिमा म्याद थपिएन भने संविधान सभा विघटन हुने तर नेपालको अन्तरिम संविधान यथावत रुपमा संचालन हुने बिचार राख्नुभयो । तर अन्तरिम संविधानमा भएको संविधान सभा सम्बन्धीका धाराहरु निश्कृय रहने जिकीर गर्नुभयो । सो कार्यक्रममा माओवादी सेनाका लडाकुहरुको रेखदेख, समायोजन र पुनःस्थापना सम्बन्धी प्राविधिक समितिका सदस्य दीपक प्रसाद भट्टले सेना व्यवस्थापनमा समितिका सदस्यहरुका विच फरक फरक धारणाका कारण जटिलता आएको जानकारी गराउनु भयो । संविधान सभाका सदस्य शान्ति अधिकारीले जनताका नाउँमा एक श्वेत पत्र तयार गरी सार्वजनिक गर्ने तयारी भैरहेको जानकारी गराउनु भयो । कार्यक्रममा बरिष्ट मानवअधिकारीवादी डा. मथुराप्रसाद श्रेष्ठ, मानवअधिकार एलाइन्सका अध्यक्ष गणेश वि.के, नागरिक समाजका अगुवा शान्तलाल मुल्मी, गैसस महासंघका अध्यक्ष डा. नेत्र तिम्सिना, मानवअधिकार एलाइन्सका महासचिव डा. सर्वराज खड्का, आदिवासी जनजाति महासंघका कोषाध्यक्ष डण्डु शेर्पा, दलित गैसस महासंघका बोमबहादुर विश्वकर्मा, एकोराबका अध्यक्ष मीनबहादुर शाही, राष्ट्रिय अपांग महासंघका उपाध्यक्ष टेकनाथ न्यौपाने, गैसस महासंघका महासचिव शर्मिला कार्की लगायतका बक्ताहरुले आ आफ्ना विचारहरु प्रस्तुत गर्नु भएको उक्त कार्यक्रममा राजनीतिज्ञ, पेसाकर्मी, बुद्धिजिवी, अपाङ्गता भएका व्यक्ति, विध्यार्थी, मधेसी, जनजाति, लगायत विभिन्न महासंधका प्रतिनिधि रहेको कार्यक्रमा महिला र पुरुष गरेर कुल ६० जनाको सक्रिय सहभागिता रहेको थियो ।





**छलफल कार्यक्रमका ५ बूंदे निश्कर्षहरुः**

१. जेष्ठ १४ अघि नै राजनीतिक दलहरु बीच सहमति कायम गरी नयाँ संविधान निर्माण र शान्ति प्रकृयाको सार्थक निश्कर्ष सहितको विश्वसनीय आधार निर्माण गरिनु पर्दछ । साथै हालसम्मको शान्ति सम्झौता तथा अन्तरिम संविधानको पालना नहुनाका कारणहरुको वस्तुनिष्ठ समीक्षा गरिनुपर्दछ ।

२. संविधान निर्माण र शान्ति प्रकृयासंग जोडिएका आधारभूत नेपाली जनताका सरोकारहरु - मानवअधिकार, सामाजिक न्याय, संविधानको सर्वोच्चता, सेना समायोजन, राज्यको पुनःसंरचना लगायतका मुद्दाहरु सुनिश्चित हुनेगरी संवैधानिक सिद्धान्त निर्माण गरिनुपर्दछ ।

३. संविधान सभाको म्याद थपिनुपर्दछ तर यसका लागि विश्वाशीलो र स्पष्ट कार्यतालिका समेत जारी गरिनुपर्दछ । यसका साथै हालसम्म गर्न नसकेका विषयमा जनताहरुका सामू माफी सहित एक श्वेत पत्र जारी गरिनुपर्दछ ।

४. यी सबै सहमतिहरु सार्वजनिक गर्न आदिवासी/जनजाति, दलित, महिला, मधेशी तथा तराईवासी, दुर्गम क्षेत्र, अपांग, कानून व्यवसायी, पेशागत महासंघ तथा नागरिक समाजको सहभागितामा एक विशेष बृहत नागरिक तथा राजनीतिक गोलमेच सम्मेलनको आयोजना गरी राजनीतिक दलका शिर्ष नेताहरुले श्वेत पत्र अनुमोदन हुने गरी जारी गरिनुपर्दछ ।

५. यसरी सम्पन्न भएका सम्पूर्ण सहमति तथा सम्झौत तथा संविधान निर्माण तथा शान्ति प्रकृयाको कार्यतालिका पूरा भए नभएको अनुगमन गर्न नागरिक समाज सक्रीय हुनुपर्ने र राजनीतिक दलहरुमा आउने असहमतिलाई तत्काल सहजीकरण गर्न राष्ट्रिय मानवअधिकार आयोगमा सचिवालय रहने गरी नागरिक सहजकर्ताको व्यवस्था गरिनुपर्दछ ।